# नेपाल बीमा प्राधिकरण
# NEPAL INSURANCE AUTHORITY

नेपाल बीमा प्राधिकरणः ३८१, चलानी नम्बरः ८१९३

मितिः २०८१/०३/१४

श्री इजाजत प्राप्त बीमक - सबै।

**विषयः** बीमा कारोबारमा राष्ट्रिय परिचय पत्रको विवरण समावेश गर्ने सम्बन्धी परिपत्र।

मिति २०८१/०३/१० मा प्रकाशित नेपाल राजपत्र भाग ५ मा नेपाल सरकार गृह मन्त्रालयको सूचनाको बुदाँ नम्बर (ख) मा **बैङ्किङ तथा वित्तीय सेवा प्रवाहमा मिति २०८१/१०/०१ देखि राष्ट्रिय परिचयपत्र** अनिवार्य गर्ने भन्ने व्यवस्था समेतका आधारमा देहाय बमोजिमको गर्नु भनी मिति २०८१/०३/१३ को निर्णयअनुसार अनुरोध छ।

देहायः

१. मिति २०८१/१०/०१ देखि लागु हुने गरी नेपाली नागरिकको हकमा जारी हुने नयाँ बीमालेख, बीमालेखको नविकरण; बीमालेख ऋण, बीमालेख समर्पण, बीमा दाबी भुक्तानी लगायतका सबै किसिमका बीमा कारोबार र बीमा मध्यस्तकर्ताको दर्ता/नविकरणका साथै सेवा सुविधा भुक्तानीमा राष्ट्रिय परिचयपत्रको विवरण अनिवार्य गर्ने।

२. बुदाँ नम्बर १ को कार्यान्वयनका लागि बीमकले आवश्यक प्रचार-प्रसार; आन्तरिक कार्यविधि निर्माण; सम्बन्धित फाराम संशोधन लगायतका कार्यहरू तत्काल गर्ने।

३. नेपाली नागरिकताको प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्रको प्रमाणपत्र स्वीकार गर्ने।

सुशील देव सुवेदी
निर्देशक

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५४२१०७९, ५४३८७४३, फ्याक्सः ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार १० गते, २०८१ साल (संख्या १५

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

नेपाल सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र १० को प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रको प्रयोग सम्बन्धमा देहायका निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सेवा सुविधा प्राप्त गर्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपाली नागरिकले देहायको सेवा प्रदान गर्न देहायको स्थान देहायको मिति देखि राष्ट्रिय परिचयपत्र अनिवार्य गरी सोको आधारमा सेवा प्रदान गर्नेः-

| सेवा | लागु हुने स्थान | लागु हुने मिति | कैफियत |
|---|---|---|---|
| | झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर रौतहट, बारा, पर्सा, चितवन, कास्की, तनहुँ, रूपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर (२८ जिल्लाहरू) | २०८१/४/१ | |
| (क) सामाजिक सुरक्षा सम्बन्धी (ख) स्वास्थ्य बीमा सम्बन्धी (ग) निवृत्तिभरण सम्बन्धी | ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, ओखलढुङ्गा, दोलखा, रामेछाप, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, गोरखा, लमजुङ्ग, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), स्याङ्जा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी, पाल्पा, अर्घाखाँची, म्याग्दी, बागलुङ, पर्वत, रूकुम (पूर्वी भाग), रोल्पा, प्युठान, सल्यान, रूकुम (पश्चिम भाग), जाजरकोट, दैलख, जुम्ला, अछाम, डोटी, डडेल्धुरा, बैतडी (३८ जिल्लाहरू) | २०८१/१०/१ | बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्र नभए तापनि सेवा लिन बाधा पर्ने छैन |
| | सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, कालिकोट, मुगु, हुम्ला, डोल्पा, बझाङ, बाजुरा, | २०८२/४/१ | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | दार्चुला (११ जिल्लाहरू) | | |
| (घ) राजस्व सम्बन्धी (व्यक्तिगत आयकर दर्ता)<br>(ङ) सवारी चालक अनुमतिपत्र सम्बन्धी<br>(च) कम्पनी दर्ता तथा नवीकरण सम्बन्धी | नेपालभर | २०८१/४/१ | |
| (छ) बैङ्किङ तथा वित्तीय सेवा सम्बन्धी<br>(ज) टेलिफोन तथा सिमकार्ड सम्बन्धी<br>(झ) सामाजिक सुरक्षा कोष सम्बन्धी<br>(ञ) घर जग्गा किनबेच सम्बन्धी | | २०८१/१०/१ | |

**आज्ञाले,**

**झक्क प्रसाद आचार्य**

**नेपाल सरकारको नि. सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।